## ५० प्रतिशत अनुदानमा मौरीगोला सहितको घार माग सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मिती: २०८२/०९/११)

यस सुनकोशी गाउँपालिकाको आर्थिक बर्ष ०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम सुनकोशी गाउँपालिका वडा नं १० स्थीत कार्यक्रम कार्यान्वयन सञ्चालन क्षेत्र तोकि प्रदेश सशर्त अनुदान तर्फको ५० प्रतिशत अनुदानमा **मौरीपालन प्रबर्द्धन कार्यक्रम बमोजिम** मौरीगोला सहितको घार वितरण कार्यक्रम रहेको हुँदा **प्रदेश सरकार उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरुमा वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शन- २०८२** को अधिनमा रही सञ्चालन हुने भएकोले इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी सुनकोशी गाउँपालिका कृषि विकास शाखामा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरु**

१. निवेदन ।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. कृषक समूह/कृषि सहकारी/निजी फर्म तथा कम्पनीहरु हकमा दर्ता/नवीकरण/स्थायी लेखा नं /कर चुक्ता प्रमाणपत्र प्रतिलिपि ।
४. कृषक समूह/कृषि सहकारी कार्यसमिति निर्णयको प्रतिलिपि ।
५. कार्यक्रमको सञ्चालनको क्रममा मौरीगोला सहित घारको पर्न आउने ५० प्रतिशत रकम जम्मा गर्ने प्रतिवद्धता पत्र ।
६. प्राविधिक ज्ञान, तालिम तथा अनुभव भए प्रमाणपत्रको प्रतिलिपि ।
७. वडा कार्यालय र कृषि प्रविधिकको सिफारिस पत्र ।
८. अन्य कुनै निकायवाट यसै प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र ।
९. कार्यक्रमले तोकेको स्थान वडा नं. १० मा मात्र कार्यक्रम संचालन हुनेछ।